मिति : २०६९/५/१६
समय : समय - २ बजे

बैठक संख्या - ३ /२०६९/७०

उपस्थिति :

श्री भोजराज खतिवडा - कार्यकारी अधिकृत एवं प्रमुख - [signature]

आज मिति २०६९/५/१६ गते धरान नगरपालिका कार्य संचालन समितिको एकल बैठक बसी तपसिलका विषयहरूमा निर्णय गरियो -

(१) केबल नेटवर्कको व्यवसायकर सम्बन्धमा :

→ साविक पाँचकन्या गा.वि.स. हाल धरान वडा नं. २२ र २३ मा संचालनमा रहेको ईम्यानुयल केबल नेटवर्क प्रा.लि. र विधान केबल नेटवर्क प्रा.लि. को व्यावसायकरको दर वार्षिक रु ६५००/- (प्रति केबल) निर्धारण गर्ने र अनुमोदनका लागि आगामी नगरपरिषदमा पेशगर्ने निर्णय गरियो।

(२) पर्टके सवारीकर संकलन सम्बन्धमा :

→ यस कार्यालयले संकलन गर्ने पर्टके सवारीकर तिनकुनेबाट धरान आयात तथा निर्यात गर्ने ढुवानीका सवारी साधनबाट पर्टके सवारी कर संकलन गर्न नसकी रहेको अवस्थालाई मध्यनजर गर्दै त्यस्ता सवारी साधन साथै अध्ययन अवलोकनका लागि आउने सवारी साधनबाट पर्टके सवारीकर संकलन गर्ने गरी एकमुष्ट रु ६००००/- (साठीहजार) बुझाउनेगरी मिति २०६९/४/३१ को राजश्व परामर्श समितिको सिफारिसका आधारमा यस कार्यालयबाट आ.व. २०६९/०७० मा ढुवानीका साधनको पार्किङ्ग शुल्क संकलनगर्न दिइएको ठेकेदार प्रतिनिधी श्री गंगाबहादुर खड्का, धरान -१५ लाई १ वर्षका लागि ठेक्कामा दिने निर्णय गरियो।

(३) पत्राचार गर्न स्वीकृती मागगर्ने सम्बन्धमा :

→ धरानको पर्यटन विकासगर्ने क्रममा नेपाली हङ्कङ्ग महासंघको अगुवाईमा धरानमा १२५ फिट अग्लो विग बुद्ध (धाउजेन बुद्ध) निर्माणगर्ने प्रसंङ्ग, अघि बढेको र त्यसका लागि चाइना मकाउ बुद्ध एशोसियसनले ईच्छा व्यक्त गरेकाले चाइना मकाउ बुद्ध एसोसिएसन सँग पत्राचार गर्न अनुमतिका लागि संघीय मामिला तथा स्थानीयविकास मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो।

आजको बैठक ४ बजे समाप्त भयो।

बैठकको निर्णय माइन्युट गर्ने - वरिष्ठ प्र.अ. गणेश प्रसाद खतिवडा - [signature]